# वर्णविन्यासगत त्रुटि, कारण र समाधान

भुवन अर्याल

उप-प्राध्यापक

रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी

E- Mail : aryalbhuwanp@gmail.com

## सारांश

नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ । यसको आफ्नै लिपिविन्यास छ । लिपि विन्यासका आधारभूत नियमको पालना नभएमा लेखाइ अशुद्ध, अस्पष्ट र अनर्थ लाग्ने पनि हुन्छ । हालका दिनमा नेपाली भाषाको लेखाइ पक्ष अत्यन्तै कमजोर भएको छ । अध्यापनका क्रममा स्नातकदेखि स्नातकोत्तर तहसम्मका विद्यार्थीहरूले गरेका त्रुटिका प्रमुख क्षेत्र, कारण र माध्यम अपनाएर समाधानका लागि तल्लो तहदेखि नै सहजकर्ता क्रियाशील हुनुपर्ने देखिन्छ ।

शब्दावली : *वर्णविन्यास, त्रुटि, लिपिचिह्न, श्रुतिलेखन, शब्दस्रोत*

## पृष्ठभूमि

भाषाका चार सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण एवं उच्चस्तरीय सीप हो । यो विचार प्रकट गर्ने वैकल्पिक र ऐच्छिक उपाय पनि हो । यसलाई भाषाको चौथो सीप पनि भनिन्छ । यो सीप वर्णविज्ञानसँग सम्बद्ध हुन्छ । यसलाई भाषाका व्याकरणले निर्धारण गरेका निश्चित नियमको परिधिभित्र रहेर वर्णहरूको उपयुक्त क्रम मिलाएर अभिव्यक्त गरिन्छ । लेखाइ सीप दृश्यात्मक प्रकृतिको हुन्छ । यसमा प्रायः एक रूपता पनि हुन्छ । लेखाइ सीपको विकासका लागि वर्णविन्याससम्बन्धी ज्ञान अत्यावश्यक हुन्छ ।

लेख्य वर्णहरूको उपयुक्त रखाइ क्रमलाई नै वर्णविन्यास भनिन्छ । यसलाई लिपिविन्यास, वर्तनी र हिज्जे पनि भनिन्छ । वर्णविन्यासमा भाषाका व्याकरणले स्वीकार गरेको परम्परालाई मान्यता दिइन्छ ।

लेख्य भाषामा शुद्धता, स्पष्टता र स्तरयुक्त स्वरूपको आवश्यकता पर्दछ । विचार सुस्पष्ट र प्रौढ बनाउनका लागि परिष्कृत तथा शुद्ध भाषाको आवश्यकता पर्दछ । वर्णविन्यासगत त्रुटियुक्त अभिव्यक्ति एकातिर अपरिपक्व र अपरिष्कृत मानिन्छ भने अर्कोतिर अपूर्ण र अनर्थसमेत हुन्छ । लेख्य भाषामा ध्वनिहरूलाई खासखास लिपिचिह्नद्वारा खासखास स्थानमा प्रयोग गर्नुपर्छ । जस्तो प्रयोग गर्ने प्रचलित परम्परा छ त्यसभन्दा भिन्न रूपमा प्रयोग गर्नु उपयुक्त र सामयिक पनि हुँदैन । लेख्य भाषा विचारको सुस्पष्ट र प्रौढ अभिव्यक्तिका लागि परिष्कृत र शुद्ध भाषाको आवश्यकता पर्दछ । उक्त आवश्यकताको परिपूर्तिका लागि नै वर्णविन्यासका नियमहरू पालना गर्नु परेको हो ।

## अध्ययन विधि र प्रक्रिया

लेखाइ भाषिक अभिव्यक्तिको चौथो एवं महत्त्वपूर्ण सीप हो । वर्तमान सन्दर्भमा विद्यालय तहको प्रसङ्ग छोडौं विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूका लेखाइमा वर्णविन्यासका पक्षहरू हेर्ने हो भने हास्यास्पद र लज्जास्पद स्थिति छ । वर्णविन्यासगत त्रुटिका क्षेत्रहरू विगतको तुलनामा वर्तमानमा झन-झन बढ्दै गएका छन् । स्नातक र स्नातकोत्तर तहमा नेपाली मूल विषय लिएर अध्ययन गर्दै रहेका विद्यार्थीहरूका वर्णविन्यासगत त्रुटिका पक्षहरू प्रत्यक्ष अवलोकन गरी प्रस्तुत आलेखमा निम्न विधि र प्रक्रियाहरू अपनाइएको छ :-

१. श्रुतिलेखनद्वारा समूह परीक्षण विधि

२. प्रत्यक्ष अवलोकन विधि :

## सैद्धान्तिक पूर्वाधार

भाषाका लिखित रूपको विकास भाषा विकासको क्रमसँगै भएको हो । लिखित रूप स्थायी किसिमको हुन्छ । मनका अन्तर्भावहरू ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा लिपिको उपयोग गरिन्छ । भाषा विकासको क्रमसँगै आफ्ना भावनाहरू व्यक्त गर्न, व्यक्त भावनालाई दीर्घकालीन बनाउन लिखित माध्यमको प्रयोग गरिन्छ । नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ । यस लिपिको विकास ईसाको प्रथमदेखि चौथो शताब्दीका बीचमा भएको मानिन्छ । यसको प्रयोग सातौं शताब्दीबाट भएको हो । यस लिपिमा संसारका १२० भन्दा बढी भाषाहरू लेखिन्छन् । यो लिपि संसारमा बढी प्रयोग हुने लिपिमध्ये चौथो हो । (विकिपिडिया जून ०५, २०११)

डिकामुनि लेखिनु, स्वरवर्णहरू व्यञ्जनसँग गाँसिएर मात्रात्मक प्रयोग हुनु रोमन वर्णमालाको झैं ठूला र साना वर्णहरू नहुनु, संयुक्त वर्णको अस्तित्व रहनु, खण्डीय र खण्डेतर वर्णको अस्तित्व रहनु, जस्तो

बोलिन्छ त्यस्तै लेखिनु यस लिपिका विशेषता हुन् । देवनागरी लिपिमा लेखिने नेपाली भाषामा वर्णविन्याससम्बन्धी निश्चित नियमहरूको परम्परा छ । नेपाली भाषाका व्याकरण र परम्पराले स्वीकारेका नियमअनुसार नेपाली भाषा लेखिन्छ । वर्णविन्यासका क्रममा विद्यार्थीहरूले विभिन्न पक्षमा विविध प्रकारका त्रुटिका प्रमुख क्षेत्रहरूलाई सैद्धान्तिक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

१. ह्रस्व-दीर्घ (इकार/उकार)

२. श, ष, र स को प्रयोग

३. व-ब, व-ओ, ये-ए+ए-ऐ, क्ष-छय्, क्ष्य, छे, ज्ञ-ग्यँ

४. 'रि'-'ऋ' को प्रयोग

५. संयुक्त र मिश्र उच्चारणमा 'इ' कार 'ऋ' कारको प्रयोग

६. शिरविन्दु/चन्द्रविन्दु र पञ्चम वर्णको प्रयोग

७. पदयोग र पदवियोग

८. मिश्र र संयुक्त वर्णको प्रयोग

९. हलन्त र अजन्तको प्रयोग

१०. लेख्य चिह्नहरूको प्रयोग

माथि उल्लेखित १० प्रमुख क्षेत्रहरूमा वर्णविन्यासगत त्रुटिहरू हुन्छन् भन्ने सैद्धान्तिक एवं आधारभूत मान्यता हो तर व्यवहारिक रूपमा विद्यार्थीका लेखाइ गतिविधिहरू अवलोकन गर्दा वर्णविन्यासगत त्रुटिका अन्य थप क्षेत्रहरू पनि देखिन्छन् ।

## प्रत्यक्ष अवलोकन र प्राप्त परिणामको प्रस्तुति

पंक्तिकार नेपाली विषयसँग सम्बद्ध प्राध्यापक भएर पनि लामो समयसम्म नेपाली विषय शिक्षणको पूर्ण कार्यभार लिने अवसर जुटेको थिएन । आफ्नो क्याम्पस अध्यापन यात्राको २४ वर्षपछि मात्र नेपाली विषय शिक्षणको पूर्ण कार्यभार लिएपछि नेपाली वर्णविन्यासका सन्दर्भमा विद्यार्थीमा देखिएका त्रुटिले मलाई यो लेख तयार गर्न प्रेरित गरेको हो ।

वर्णविन्यासको वास्तविक स्थिति बुझ्न यस पंक्तिकारले हालसालै स्नातक तह प्रथम वर्षमा अध्ययनरत १७ जना विद्यार्थीहरूका बीच गरिएको वर्णविन्याससम्बन्धी परीक्षणको परिणामले माथि उल्लेख गरिएका सैद्धान्तिक पक्षका १० त्रुटि क्षेत्रबाहेक अन्य थप क्षेत्रमा पनि विद्यार्थीहरूका लेखाइसम्बन्धी

त्रुटिहरू देखिन्छन् । उक्त तहको साधारण नेपाली विषयका कक्षामा उपस्थित विद्यार्थीहरूमा देखिएका वर्णविन्यासरसम्बन्धी त्रुटिको परिणाम :

जम्मा विद्यार्थी संख्या : १७ जना

| क्र. सं. | त्रुटि क्षेत्र | त्रुटि गर्ने प्रतिशत | शुद्ध गर्ने प्रतिशत | देखिएका प्रमुख त्रुटिहरू |
|---|---|---|---|---|
| १. | ह्स्व-दीर्घ | ९८ % | २% | मानीस, परिक्षा, शिर्षक, फुलबारि, दुध, हरु, लाइ, दूधालु ............... |
| २. | श/ष/स | ९८% | २% | सटकोण, सिसु, सिर्शक, दुस्ट सोर, शसोर .................. |
| ३. | व/ब/ओ<br>य/ए/ये/क्ष<br>छे/क्ष/ज्ञ/ग्याँ | ९६% | ४% | बिद्यालय, बिद्यार्थि, बिकास, बिबेक, बाताबरण, एना, ऐन, बिग्यान, ग्याँन,एस, यवं । |
| ४. | रि/ऋ | ९०% | | रिन, रितु, ऋिषि, क्रिपालु, गाउँ, ठाउ, आउछ, आउछौ |
| ५. | शिरविन्दु/चन्द्र विन्दु र पञ्चमवर्ण | ९९% | १% | गाउ, ठाउ, आउछ, आउछौ |
| ६. | पदयोग र वियोग | ९०% | १०% | हामी लाइ, उस लाइ, घर बाट म द्वारा ....................... |
| ७. | मिश्र र संयुक्त वर्णको प्रयोग | ८०% | २०% | बिद्यालय, द्धारा, हामी प्रलाद, ब्रामण ........... संब्रिदि |
| ८. | हलन्त र अजन्त | ७०% | ३०% | भन्दछन, लेख्छन, दिन्छन् ....... एवम् अर्थात् .............. |

| क्र. सं. | त्रुटि क्षेत्र | त्रुटि गर्ने प्रतिशत | शुद्ध गर्ने प्रतिशत | देखिएका प्रमुख त्रुटिहरू |
|---|---|---|---|---|
| ९. | लेख्य चिह्नको प्रयोग | ५०% | ५०% | निर्देशक विराम चिह्न प्रयोग नगर्नु ...... ।<br>आश्चर्यबोधक र उद्धरण चिह्न प्रयोग नगर्नु, |
| १०. | अन्य | - | - | ९ प्रतिशतले डिका नै नदिईकन लेख्नु उच्चारण गर्दा एन/एन तर लेख्दा ऐन /ऐना स्रोतः कक्षा परीक्षण २०८०/१०/०४/०५ मा |

## विश्लेषण

स्नातक तहमा भर्खरै प्रवेश गरेका विद्यार्थीहरूमा औसत रूपमा हेर्ने हो भने वर्णविन्यासगत त्रुटिका क्षेत्रहरू धेरै छन् । अधिकांश विद्यार्थीहरूले असावधानीबस् लेख्दछन्, त्यसरी लेख्दै आउँदा हालसम्म यहाँ त्रुटि भयो भन्ने संकेत र सुधार नपाउँदा ती त्रुटिहरू स्वाभाविक त्रुटिजस्तै बनेर विकसित भएका छन् । यी त्रुटिहरू किन र कसरी बाँकी रहे त भन्ने सन्दर्भमा विद्यार्थीहरूसित जिज्ञासा राख्दा जवाफ यस प्रकार दिएका छन् :-

- यसरी लेख्दा फरक पर्छ भन्ने हामीलाई थाहा नै छैन ।
- आजसम्म यस्तै लेखेर राम्रै अङ्क लिएर उत्तीर्ण भएका छौं ।
- यो अशुद्ध रूप हुन् भन्ने हामीलाई थाहा नै छैन ।
- यसरी लेख्दा फरक पर्छ र ?

विद्यार्थीहरू देखिने वर्णविन्यासगत त्रुटिका क्षेत्र निकै व्यापक छन् । हुन् त नेपाली वर्णविन्यासमा एकातिर संस्कृत स्रोतका शब्दहरू तत्समकै नियमानुसार लेख्नुपर्दछ भने तद्भव शब्दहरूमा नेपाली वर्णविन्यासको परम्परा पालन गर्नुपर्ने हुन्छ । आगन्तुक शब्दहरू, झर्रा शब्दहरूलाई समेत नेपाली वर्णविन्यासको नियम पालन गर्नुपर्ने हुन्छ । यसैले गर्दा नेपाली भाषामा वर्णविन्यासको नियम पालन गर्नुपर्ने हुन्छ । यसैले गर्दा नेपाली भाषामा वर्णविन्यासमा केही जटिलताका स्थितिहरू छन् । हाम्रा

विद्यालय तहमा लेखन सीपको विकासको क्रमसँगै बालबालिकालाई वर्णविन्यासमा सचेत भएर लेख्न सिकाउने परम्परा छैन । विद्यालय तहमा नेपाली विषय जसले पढाए पनि हुन्छ । सम्बद्ध विषयमा विशिष्टीकरण गरेको शिक्षक आवश्यक पर्दछ भन्ने धारणा नै छैन । विशिष्टीकरण गरेको शिक्षकले पनि आफ्नो धर्म निर्वाह गरेर नेपाली भाषा पढाउने चलन छैन । सायद यिनै सन्दर्भले नेपाली भाषा लेखाइमा विद्यार्थीहरूमा वर्णविन्याससम्बन्धी यावत् त्रुटिहरू देखिएका हुन् ।

अन्वेषकले स्नातक तह तृतीय वर्ष, स्नातकोत्तर तह दोस्रो सेमेष्टरका विद्यार्थीहरूलाई अध्यापनका क्रममा श्रुतिलेखन गराई विद्यार्थीहरूका वर्णविन्यासगत त्रुटिहरू पत्ता लगाउने प्रयास गरेको थियो । यस सन्दर्भमा विद्यार्थीहरूमा देखिएका वर्णविन्यासगत त्रुटिका पक्षहरू सारांशमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । स्नातक तह र स्नातकोत्तर तहमा नेपाली भाषा विशिष्टीकरण गरेका विद्यार्थीहरूमा नेपाली वर्णविन्यासका क्षेत्रमा त्रुटि नरहनुपर्ने सामान्य मान्यता हो तर यस मान्यताको विपरीत यस तहका विद्यार्थीहरूमा देखिएका वर्णविन्यासगत त्रुटिका पक्षहरू निम्नअनुसार विश्लेषण गरिएको छ ।

१. लगातार तीन पटकसम्म भिन्नभिन्न अंश दिएर गराइएको श्रतिलेखनमा विद्यार्थीहरूले वर्णविन्यासका विविध पक्षमा निम्न अनुसार त्रुटि गरेका छन् :-

हस्व-दीर्घ :-

श्रुति लेखनमा सहभागी-स्नातक चौथो वर्ष-८ , स्नातकोत्तर द्वितीय सेमेष्टर-५

- तत्सम वर्णविन्यासका नियममा द्विविधा रहनु,
- जात, थर, नाम पेसाका शब्दको ह्स्व दीर्घ पक्ष सही रूपमा गर्न नसक्नु
- आधारभूत तहमै समाधान हुनुपर्ने कमजोरी र समस्या यथावत रहनु ।

यस तहमा देखिएका वर्णविन्याससम्बन्धी त्रुटि गरिएका केही नमुनाहरू यस प्रकार छन् :-

सामाजिक, शैक्षिक, प्रसासनीक, भाई, गाइ, दीदि, हात्ति, सासु, .....

पन्थि, घिमीरे, मालि, उ, यि, ति .........

श/ष/स :-

संसोधन, दृस्टि, वृस्टि, अंस, वंस, सैशव, मनुस्य, उद्देश्य .........

शिरविन्दु/चन्द्रविन्दुको प्रयोग :-

गाउ, आउछ, दिउला, भनूला

जाउ, ……… सम्सार, सम्वेदन

पदयोग र वियोग :-

रामद्धारा, हामीलाइ, गएका भनि सकि हालेछ ……………… ।

मिश्र र संयुक्त वर्णको प्रयोग :-

श्रृङ्गार, विद्यालय, उद्देश्य बिद्यार्थि, सैया, उज्वल, उतर, महत्त्व ……… उद्वार

हलन्त र अजन्तको प्रयोग :

हुन्छन, भन्दछन, दिएका छन, जान्छन, षटकोण ,

य/ए/ये :

गये, दिप, भयका, दिये, लिय ……..

लेख्य चिह्नको प्रयोग :

लेख्य चिह्मा मुख्य लेख्य चिह्न पूर्ण विराम, प्रश्नवाचक र आश्चर्यबोधक चिह्नहरूमा विद्यार्थीहरूले खासै त्रुटि गरेका छैनन् तर निर्देशक विराम चिह्नका बारेमा सबै विद्यार्थीहरू अनभिज्ञ नै रहेका छन् । उद्धरण चिह्नको प्रयोगमा पनि विद्यार्थीहरू यसै समस्याद्वारा प्रभावित छन् अर्थात् उद्धरण चिह्नको प्रयोगका सन्दर्भमा पनि विद्यार्थीहरू त्यत्तिकै अनभिज्ञ छन् । कहाँ कसरी गर्ने भन्ने सन्दर्भमा पनि विद्यार्थीहरूलाई पत्तो नै छैन ।

## विश्लेषण

स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूमा गरिएका परीक्षणहरूका परिणामलाई विश्लेषण गर्दा निम्नअनुसार पाइएको छ :-

१. स्नातक तह चतुर्थ वर्ष र स्नातकोत्तर तहसम्म पुग्दा पनि वर्णविन्यासगत आधारभूत नियमहरू पनि विद्यार्थीहरूले व्यवहारमा उतार्न सकेको देखिंदैन ।

२. अधिकांश विद्यार्थीहरूमा 'ऐ' लाई 'ए' भनेर उच्चारण गर्ने आदत अहिलेसम्म यथावत देखिन्छ । लेख्दा 'एन' लेख्छन् तर उच्चारण गर्दा 'एन' । एन भनेर उच्चारण गर्दछन् । यो समस्या स्नातक तहसम्म उत्तीर्ण गरिसकेका अन्य व्यक्तिहरूमा पनि रहेको अनुभव गर्न सकिन्छ ।

३. श/ष/स को प्रयोगसम्बन्धी त्रुटिहरू पनि त्यत्तिकै छन् । यस्ता त्रुटिहरू तल्लो तहदेखि नै विकसित भएर आएको छन् ।

४. पञ्चम वर्णको प्रसङ्ग टाढा छ । शिरविन्दु, चन्द्रविन्दु जस्ता अनुनासिकहरूको प्रयोग खासै गरेको देखिँदैन । अत्यन्तै प्रचलनमा रहेका गाउँ/ठाउँ/नाउँ/आउँछ । बताउँछ ……… जस्ता शब्दहरूमा चन्द्र विन्दु पटक्कै प्रयोग नगरेको पाइन्छ।

५. यो तह उच्च तह हो । यस तहसम्म आइपुग्दा पनि विद्यार्थीहरूमा पदयोग र वियोगसम्बन्धी आधारभूत क्षमता पनि देखिदैन । विशेषगरी विभक्तिका चिह्नको प्रयोग गर्दा नामिक पदभन्दा अलग्गै लेख्ने विद्यार्थीहरू झण्डै ७५% छन् भने नामयोगीहरू पनि नामिक पदहरूसित अलग लेख्नमा अभ्यस्त देखिए ।

६. ब/व को प्रयोगमा पनि त्यत्तिकै त्रुटि गरेको पाइन्छ -बिकास, बिद्यालय, बिधा, (विद्या) बिचार/बिकास/बाताबरण आदि।

७. संयुक्त वर्ण प्रयोगका शब्द जस्तै विद्यार्थी - द्य नलेखी 'ध' लेखेको देखिन्छ । यही अवस्था विद्यालय/विद्या जस्ता शब्दमा छ । त्यस्तै उद्देश्य-उदेश्य/उद्धेश्य लेख्दछन् । ब्रामण, ब्रमाण………द्वाराको स्थानमा ९५% विद्यार्थीहरूले 'द्धारा" लेखेका भेटिए ।

८. देवनागरी लिपिको विशेषता शिरोरेखा (डिका) दिएर लेख्नु हो तर झण्डै ७०% विद्यार्थीमा शिरोरेखा (डिका) नदिई लेख्ने चलन छ । किन नदिने त ? को जवाफमा विद्यार्थीहरूले छिटो लेख्दा हो, रफमा लेख्दा हो ……… आदि जवाफ दिन्छन् त कसैले डिका दिनुको अर्थ के हो र ? किन दिनुपर्छ ? डिका नदिएर पनि अहिलेसम्म निर्वाह चलेकै छ, भन्ने जवाफ दिन्छन् ।

९. 'रेफ' प्रयोग सम्बन्धमा पनि विद्यार्थीहरूमा यावत् त्रुटिहरू देखिन्छन् । अर्न्तगत, आर्शीवाद, र्बवाद, सर्म्पूण आदि रेफको प्रयोगमा देखिएका प्रतिनिधि त्रुटिहरू हुन् ।

१०. व्यञ्जन वर्णसित 'ऋ' जोडिएर आएका तत्सम शब्दहरूमा 'ऋ' कारको सट्टा उ/ऊ कार प्रयोग गर्ने विद्यार्थी यस तहमा झण्डै ३०% देखिए जस्तै मृत्यु लेख्दा मृत्यु, दृष्य- दूष्य, कृषि लेख्दा कूषि, पृष्ठभूमि लेख्नुपर्नेमा 'पूष्टभुमी' 'ऋ' कारसहितका व्यञ्जन वर्णमा देखिएका प्रतिनिधि मूलक त्रुटिहरू हुन् ।

११. विगत १० वर्षदेखि यताका अवधिको विश्लेषण गर्ने हो भने हरेक वर्ष वर्णविन्यासमा गर्ने त्रुटिको संख्या बढ्दो छ भने अक्षरहरू स्पष्ट र आकर्षक लेख्ने परम्परा पनि क्रमशः घट्दो छ । स्नातक तहको अन्तिम वर्षसम्म आइपुग्दा संयुक्त वर्ण उच्चारण गर्न र लेख्न नसक्नु, वर्णविन्यासका

आधारभूत कुरामा पनि गल्ती गर्नु नेपाली लेखाइका सन्दर्भमा देखिने गम्भीर पक्षहरू हुन् । यी सबै समस्याको नेपाली भाषा लेखाइ र पढाइको क्षेत्र संकटमै परेको अनभुव गर्न सकिन्छ ।

## वर्णविन्याससम्बन्धी त्रुटिका कारण सुधारका उपायहरू

### प्रमुख कारणहरू

स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूमा श्रुति लेखन, अनुलेखन र स्वतन्त्र लेखन गराई प्राप्त त्रुटिको विश्लेषण गरियो । त्रुटिका प्रमुख क्षेत्र औंल्याई यस सन्दर्भमा गरिएका अन्तक्रियाहरूको सारांश यस प्रकार छ :

वर्ण विन्यासगत त्रुटिहरू औल्याइ दिने परम्परा अधिकांश विद्यालय र क्याम्पसहरूमा छैन । जसरी लेखे पनि परीक्षामा राम्रै अङ्क पाउँदा र रुजु चिह्न (राइट) पाउँदा जतिसुकै अशुद्ध लेखाइ भएपनि विद्यार्थीमा आत्मबल बढ्न गई गल्तीको पुनरावृत्ति भएको देखिन्छ । एउटा भाषा शिक्षक आफ्ना विद्यार्थीका यावत् त्रुटिहरू देखेर पनि आँखा चिम्लनुका पछाडि केही कारण छन् कि ? खोज्ने जिज्ञासा लाग्यो । मैले परीक्षणमा प्रयोग गरेका विद्यार्थीहरू केही ग्रामीण भेगका विद्यालयबाट आएका थिए । उनीहरूलाई कक्षा ९, १० र ११/१२ नेपाली विषय कसले पढायो भनेर जिज्ञासा राख्दा विद्यार्थीको जवाफ यस्तो पाइयो :-

प्रसङ्ग १ : हाम्रो विद्यालयमा नेपाली विषय शिक्षक स्नातक वा स्नातकोत्तर पढेको हुनुहुन्थ्यो । कक्षा ८ सम्म निजी स्रोतका सर मेडमले पढाउनु भएको हो भने कक्षा ९ देखि १२ कक्षासम्मको नेपाली हेड सरले आफैले पढाउनु भएको हो । ती विद्यार्थीहरूको जवाफपछि मलाई निकै उत्सुकता लाग्यो । उनलाई पढाउने हेड सरको योग्यता जान्ने मन लाग्यो । बिचरा ती सर त व्यवस्थापन विषयमा स्नातक र व्यवस्थापनमै स्नातकोत्तर अध्ययनरत पो रहेछन् ।

प्रसङ्ग-२ : अन्य विद्यार्थीहरूको विद्यालय तहको नेपाली विषय शिक्षकको पृष्ठभूमि जान्ने जिज्ञासा हुँदा अधिकांश विद्यालयहरूले अहिले बोर्डिङ स्कुलको सिको गर्दै अंग्रेजी माध्यमका कक्षाहरू सञ्चालन गर्ने नाममा नेपाली विषयका दरबन्दीमा अन्य अंग्रेजी भाषा जानेका अन्य विषय पढाउन सक्ने शिक्षकले पढाए पनि हुन्छ भन्ने भ्रम छ । माथिको पहिलो प्रसङ्गमा त्यही प्रक्रियका कारण व्यवस्थापन विषयका प्र.अ. ले सबैभन्दा सजिलो लागेर नेपाली विषय शिक्षणको जिम्मा लिएका हुन् । परिणाम स्नातक तहसम्म आइपुग्दा पनि वर्णविन्याससम्बन्धी जानकारी र लेखन शैली आधारभूत तहका विद्यार्थीहरूले सरह पनि गर्न नसक्नुको कारण हो । यी दुई प्रतिनिधि प्रसङ्ग मात्र हुन् । खोज्दै जाँदा हाम्रा अधिकांश विद्यालयहरू यही खेल

विद्यार्थीको भविष्यमाथि खेलिरहेका छन् । अंग्रेजी माध्यम सञ्चालन गरिरहेका संस्थागत विद्यालयहरूमा नेपाली भाषामा पढाइ र लेखाइ दुबै पक्ष नितान्त कमजोर छन् । यी सबै परीक्षण र प्रसङ्ग हेर्दा नेपाली भाषा लेखाइमा वर्णविन्यासम्बन्धी त्रुटिका कारणहरूलाई दुई समूहमा विभाजन गरेर चर्चा गर्ने प्रयास गरिएको छ :-

## शिक्षण-सिकाइ र शिक्षकसम्बन्धी कारणहरू

नेपाली भाषा शिक्षण गर्दा भाषाका चारै सीपहरू स्तरअनुसार रूपमा विकास गर्दै लैजाने परम्परा अत्यन्त कम हुँदै गएको छ । शिक्षक र शिक्षणसिकाइसम्बन्धी प्रमुख कारणहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छः-

१. प्रारम्भिक चरणदेखि नै शुद्ध लेख्ने अध्यास गराइदैन । सुरूमा लागेको बानी यथावत रहँदा जाँदा त्रुटिहरू बाँकी रहन्छन् र हटाउन कठिन हुन्छ ।

२. स्वर र व्यञ्जन वर्ण चिनाउदा नै क्रमशः स्पष्ट रूपमा चिनाएको देखिंदैन । अझ स्नातक तहसम्म पुगेर संयुक्त वर्ण लेख्न र उच्चारण गर्न नसक्नु विडम्बनापूर्ण कुरा हो । माथि प्रसङ्गमा आइसकेका छन् 'ज्ञ'-क्षको सट्टा लेख्नु पृ लेख्दा 'पृ' लेख्नु, द्वारा नलेखी द्धारा, लेख्नु आदि यस्तै पक्षमा आधारित समस्याहरू हुन् ।

३. तल्लो तहदेखि नै जति अशुद्ध लेखे पनि रुजु चिह्न (√) लगाइदिंदा विद्यार्थीहरूमा 'म' सही छु । शुद्ध लेखेको छु भन्ने हौसला विकसित भएको छ । माथिल्लो तहमा आएर पनि आफ्ना कमजोरीतिर फर्कने चलन नै छैन ।

४. विषयान्तर गरेर पढाउने शिक्षकहरूमा नेपाली भाषा लेखाइमा वर्णविन्यासको महत्त्व, अशुद्ध वर्णविन्यासबाट अर्थमा पर्ने प्रभाव आदिका बारेमा आधारभूत ज्ञान नै छैन । असचेत पूर्वक पाठहरू सस्वर पठन गरेर पढाउने, सहयोगी हेरेर उत्तरहरू लेखाउने पढ्न लगाउने तर सहयोगी पुस्तकहरू कत्तिको आधिकारिक हुन् ? वर्णविन्यासका नियम पालन गरेका छन् छैनन् ? त्यसको कुनै पर्वाह नगर्ने ।

५. श्रुतिलेखनका क्रियाकलाप गरेर त्रुटिहरू औंल्याई त्रुटिपूर्ण शब्दहरू पटक-पटक लेख्न लगाएर निराकरण गर्न नथाल्नु ।

६. उत्तरपुस्तिका परीक्षण गर्दा भावलाई मात्र ध्यान दिनु भाषाप्रति बेवास्ता गर्नु

७. शिक्षण- सिकाइका क्रममा शब्दहरू सफा, स्पष्ट र शुद्ध लेख्न प्रारम्भिक तहदेखि प्रेरणा र पुनर्बल प्रदान नगरिनु ।

८. भाषा सिकाइलाई सरल, सहज, व्यावहारिक र वैज्ञानिक बनाउन नखोज्नु । पाठ्यक्रम र पाठ्यपुस्तकका उद्देश्यमा केन्द्रित भएर शिक्षण गर्ने परम्परा अधिकांश विद्यालय र शिक्षकमा नहुनु

९. नेपाली विषयको दरबन्दीमा अन्य विषय शिक्षक नियुक्त गरी विषयान्तर गर्नु,

१०. नेपाली विषय सस्वर वाचन गर्न सक्ने जोसुकैले पढाए पनि हुन्छ भन्ने भ्रम रहनु । सम्बद्ध पक्षबाट उक्त सम्बन्धमा अनुगमन र निरीक्षण गर्ने प्रचलन नरहनु ।

## अन्य कारणहरू

- नेपाली भाषाशिक्षण गर्दा सरल, व्यावहारिक र वैज्ञानिक विधिहरू अवलम्बन नगरिनु ।
- भाषाशिक्षणको अर्थ सस्वर वाचन हो भन्ने तर्फ मात्र केन्द्रित हुनु ।
- हरेक कक्षामा अव्यवस्थित रूपमा अशुद्ध सहयोगी पुस्तकहरू प्रकाशित हुनु । शिक्षकले पनि ती पुस्तकहरूको अधिकारिकता नबुझी तिनै पुस्तकलाई आधार मान्नु ।
- संख्यागत विद्यालयले अंग्रेजी माध्यम अपनाउँदा यी विद्यालयमा अध्ययनरत विद्यार्थीहरू न राम्ररी नेपाली भाषा बोल्न लेख्न सक्दछन् न त अंग्रेजी नै जानेका हुन्छन् । स्तरअनुसारको भाषिक क्षमता विकास भएको पाइँदैन ।
- सहकार्यकलापका माध्यमबाट लेख्य सीपको विकास गर्ने सम्बन्धमा कुनै पनि शिक्षकमा योजना र सोचको विकास भएको पाइँदैन ।

वर्णविन्यास क्षेत्रमा देखिएका माथि उल्लेखित समस्याहरूको समाधानका लागि निम्न लिखित उपायहरू अपनाउन सकिन्छ ।

१. अर्थ जानिसकेका पढिसकेका शब्दहरूको मात्र वर्णविन्यास सिकाई शिक्षणमा अज्ञातबाट अज्ञाततिरको सूत्र प्रयोग गर्नुपर्छ ।

२. पढाइसकेका पाठ, धेरै प्रचलनमा आउने शब्दहरू लिई वर्णविन्याससम्बन्धी अध्यास गराउनुपर्दछ ।

३. त्रुटियुक्त शब्दहरूको सूची बनाई ती शब्दहरूलाई बारम्बार लेख्ने बानीको विकास गराउनुपर्छ ।

४. पढिसकेका बहुप्रचलितमा शब्दहरूका शुद्ध/अशुद्ध रूप मिसाएर शुद्ध रूप छान्न लगाउनुपर्छ ।

६. संयुक्त वर्ण प्रयोग भएका शब्दहरूको उच्चारण र लेखनसम्बन्धी प्रशस्त अभ्यास गराउनुपर्छ ।

७. विशेष गरी प्रारम्भिक तहमा स्वर र व्यञ्जन वर्णको शुद्ध उच्चारण, लेखनसम्बन्धी अभ्यास गराउनुका साथै शुद्ध, सफा र स्पष्ट लेख्ने बानीलाई विशेष प्रेख्य र पुनर्बल दिनुपर्छ ।

८. विद्यार्थीको स्तर, क्षमता र आवश्यकता अनुसार आगमन र निगमन विधिको प्रयोग गर्नुपर्छ । व/ब/श/ष/स/श/य/ए/ये/क्ष/छे आदि

९. भाषाका पाठ्यपुस्तकबाट बढी त्रुटि गर्न सक्ने वर्ण र लिनबाट बन्नै शब्दहरू खोजेर वर्णविन्याससम्बन्धी प्रशस्त अध्यास गराउनुपर्दछ ।

१०. पाठबाट अनुलेखन गराई शुद्ध वर्णविन्यासका लागि अभ्यास गराउनुपर्छ ।

११. प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना गरी श्रुतिलेखन गराइएका अंशलाई कपि साटेर परीक्षण गर्ने, अङ्क दिने प्रथम द्वितीय तृतीय छुट्याउने गर्नुपर्छ ।

१२. निर्माणात्मक मूल्याङ्कन कार्य सञ्चालन गरी विद्यार्थीहरूका उत्तरपुस्तिका जाँचेर वर्णविन्यासगत त्रुटि औंल्याई सुधार गर्न लगाउनुपर्छ ।

१३. जटिल वर्णविन्यास भएका शब्दहरू संकलन गरी तिनैको श्रुतिलेखन गराएर वर्णविन्यासगत त्रुटि औंल्याई प्रशस्त अभ्यास गराउनुपर्छ ।

१४. शब्दका वर्णविन्यासबारे शंका लागेमा आधिकारिक पुस्तकहरू, पाठकअन्त्यमा दिइएका शब्दहरूबाट सच्चाई अभ्यास गर्ने बानीको विकास गर्नुपर्छ ।

१५. विद्यार्थीहरूको व्यक्तिगत भिन्नता पत्ता लगाई आवश्यकताअनुसार अभ्यास गराउनुपर्छ ।

१६. बोलाइ र लेखाइमा भिन्नता आउने शब्दहरूको सूची बनाई लेखाइसम्बन्धी अभ्यास प्रशस्त बनाउनुपर्छ ।

१७. अक्षरको बान्की नमिलाउने र सफाइगत कमजोरी भएका विद्यार्थीहरूलाई हस्त लेखनका अभ्यास प्रशस्त गराउनुपर्छ।

१८. विद्यार्थीहरूलाई ४-५ जनाको समूह बनाई एक समूहले अर्को समूहलाई सोध्ने, निश्चित अंश लेख्न लगाई कापी साटेर परीक्षण गर्नेजस्ता क्रियाकलाप गराउनुपर्छ ।

१९. शिक्षक स्वयं सचेत र चनारखो बन्नुपर्छ । माथिल्लो तहमा नोट टिपोट गराउँदा विद्यार्थीका लेखाइतर्फ ध्यान दिई तुरुन्तै कारणसहित सुधार गर्न लगाउनुपर्छ ।

२०. शिक्षकले भित्ते पाटीमा बढी त्रुटिपूर्ण शब्दहरू लेखिदिएर प्रशस्त अभ्यास गराउनुपर्छ यसबाट विद्यार्थीका मस्तिष्कमा दृश्यविम्ब वा शब्दविम्ब तयार भई शुद्ध लेख्ने बानीको विकास हुन्छ ।

## निष्कर्ष

भाषामा विचारको सुस्पष्ट र प्रौढ अभिव्यक्तिका लागि वर्णविन्यासको आवश्यकता पर्दछ । यसको क्षेत्र निकै फराकिलो छ । माध्यमिक तहबाटै वर्णविन्यासको अपेक्षा गरिएको हुन्छ भने यस तहबाट प्रशस्त त्रुटिसहित विद्यार्थीहरू विश्वविद्यालय तहको स्नातक तहसम्म पुगेका देखिन्छन् । साधारण नेपाली विषय लिने विद्यार्थीहरूको प्रसङ्ग छोडौं । मुख्य नेपाली लिएर अध्ययन गर्ने स्नातक तह पढ्ने र स्नानकोत्तर तहमा समेत पढ्ने विद्यार्थीहरूका यावत् वर्णविन्यासगत त्रुटिहरू देखिएको कुरा अनुसन्धानबाट खुल्न आएको छ । यसैले वर्णविन्यासका क्षेत्रका यावत् त्रुटिहरूको निराकणमा सम्बद्ध विषय शिक्षक र विद्यालय प्रशासनको प्रमुख दायित्व देखिन आउँछ । यसैले यस सम्बन्धमा निम्नलिखित सुझाव दिन सकिन्छ ।

## विषय शिक्षकलाई सुझाव

१. कोही पूर्ण हुँदनै, शिक्षक स्वयम्मा पनि वर्णविन्यासगत व्यवस्थित त्रुटिहरू यथावत छन् कि ? आत्मनिरीक्षण गरेर सर्वप्रथम तिनको सुधार गर्नुपर्छ ।

२. विद्यार्थीका गृहकार्य तथा उत्तरपुस्तिकामा देखिएका त्रुटिहरू संकलन गरी निराकरण नहुँदासम्म अभ्यास गराउनुपर्छ ।

३. वर्णविन्यासगत त्रुटि गर्ने विद्यार्थीहरूलाई हतोत्साही बनाएर होइन आफ्ना त्रुटि खोज्न र निराकरण गर्न उनीहरूलाई नै उत्साहित वातावरण सिर्जना गर्नुपर्छ ।

४. माथिल्लो तहमा नोट टिपाउँदा शङ्कास्पद शब्दहरू भित्तेपाटीमा लेख्दै विद्यार्थीहरूलाई अभ्यस्त बनाउनुपर्दछ ।

५. शङ्कास्पद शब्द अघिपछि लेख्दा पनि आधिकारिक पाठ्यपुस्तक र शब्दकोशको प्रयोग गरेर शुद्ध लेख्ने बानीको विकास गर्नुपर्दछ ।

## विद्यालय प्रशासनलाई सुझाव

१. विषय विभाजन गर्दा राम्रो सस्वर वाचन गर्न सक्नेले नेपाली विषय पढाउँदा हुन्छ भन्ने भ्रम हटाएर सम्बन्धित विषयमा विशिष्टीकरण गरेका शिक्षकलाई मात्र नेपाली विषय अध्यापन गर्ने जिम्मेवारी दिनुपर्दछ ।

२. विषय शिक्षक छनौट गर्दा योग्य, दक्ष र अनुभवीलाई प्राथमिकता दिनुपर्छ । हाम्रालाई होइन राम्रालाई पहिलो प्राथमिकता दिनुपर्छ ।

३. विद्यालय प्रशासनले विषयगत गुणात्मक उपलब्धिको लेखाजोखा गर्नुपर्छ । सम्बद्ध शिक्षकलाई हौसला र प्रेरणा दिनुपर्छ ।

४. आवश्यक शैक्षिक, सन्दर्भ र सहायक सामग्री प्रयोग गर्नका लागि उपयुक्त वातावरणको सिर्जना गर्नुपर्छ ।

५. मौका आउँदा विषय शिक्षकलाई तालिममा पढाउने वा बेलाबेलामा विषयविज्ञलाई बोलाएर पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ ।

अतः भाषाशिक्षण आफैँमा जटिल छ । उपयुक्त सहजीकरण गर्न सकिएन भने भाषा सिकाइमा यावत् कमजोरीहरू हुन सक्ने भएकोले सम्बद्ध विषय शिक्षक, विद्यार्थी र विद्यालय प्रशासन समेतले समयमै ध्यान दिन आवश्यक देखिन्छ ।

## सन्दर्भ ग्रन्थ सूची

*अधिकारी हेमाङ्गराज, भाषाशिक्षण परिप्रेक्ष्य र पद्धति* चौथो सं.(२०४६) विद्यार्थी पुस्तक भण्डार काठमाडौं ।

*रिमाल डिल्लीराम, नेपाली शिक्षण,* चौथो सं.(२०६१) विद्यार्थी पुस्तक भण्डार काठमाडौं

*ढुङ्गेल भोजराज र दुर्गाप्रसाद दाहाल, परिचयात्मक नेपाली भाषाशिक्षण* (२०५९) एम.के पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स भोटाहिरी काठमाडौं ।

*स्नातकोत्तर तहका विद्यार्थीहरूका आन्तरिक परीक्षाका उत्तरपुस्तिकाहरू* २०८०

स्नातक तहका विद्यार्थीहरूका श्रुतिलेखनका नमुनाहरू